फलेवास नगरपालिका

# फलेवास नगर कार्यपालिकाको राजपत्र

खण्डः ९ संख्याः १ मितिः २०८३/०३/०८

**भाग-२**

**फलेवास नगर कार्यपालिका**

## फलेवास नगरपालिकाको सहकारी संघ, संस्था अनुगमन, मूल्याङ्कन तथा नियमन कार्यविधि, २०८३

कार्यपालिकाबाट पारित भएको मितिः२०८३/०३ /०८

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम फलेवास नगरकार्यपालिकाले आफ्नो नियमन क्षेत्राधिकार भित्रका सहकारी संस्थाको नियमन, अनुगमन तथा मूल्याङ्कन कार्यविधि २०८३ बनाएको ।

फलेवास नगरपालिका अन्तर्गत कार्यक्षेत्रभित्र रहेका सहकारी संस्थाहरुको नियमित निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन, सघन अनुगमन, मूल्याङ्कन तथा नियमन गर्न सहकारी संघ, संस्थाहरुको क्षमता अभिवृद्धि गरी सुशासन कायम गर्न वाञ्छनीय भएकोले,

फलेवास नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा ६६ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी फलेवास नगरकार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

क) यस कार्यविधिको नाम **फलेवास नगरपालिकाको सहकारी संघ, संस्थाहरुको अनुगमन, मूल्याङ्कन तथा नियमन कार्यविधि, २०८३** रहेको छ ।

ख) यो कार्यविधि फलेवास नगरकार्यपालिकाले राजपत्रमा सूचना प्रकाशन गरेपछि लागू हुनेछ ।

२. परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) **अनुगमन** भन्नाले सहकारी संघ संस्थाको अनुगमन कार्य सम्झनु पर्छ ।

ख) **ऐन** भन्नाले फलेवास नगरपालिकाको सहकारी ऐन, २०७५ सम्झनु पर्छ ।

ग) **निकाय** भन्नाले फलेवास नगरपालिकालाई सम्झनु पर्छ ।

घ) **नियमावली** भन्नाले फलेवास नगरपालिकाले जारी गर्ने सहकारी नियमावली सम्झनु पर्छ ।

ङ) **निरिक्षण** भन्नाले सहकारी संघ संस्थाको निरिक्षण कार्य सम्झनु पर्छ ।

च) **शाखा** भन्नाले सहकारी हेर्ने शाखालाई सम्झनु पर्छ ।

छ) **मूल्याङ्कन** भन्नाले सहकारी संघ संस्थाको निरीक्षण, सुपरिवेक्षण, अनुगमन तथा सघन अनुगमन गर्दा प्राप्त नतिजाको आधारमा गरिने मापनलाई सम्झनु पर्छ ।

ज) **विनियम** भन्नाले सहकारी संस्थाको विनियम सम्झनु पर्छ ।

झ) **सघन अनुगमन** भन्नाले सहकारी संघ संस्थाको विस्तृत अनुगमन गरी सघ संस्थाका सञ्चालक तथा कर्मचारीहरुसँग छलफल गराई संघ संस्थालाई निर्देशन दिने कार्य सम्झनु पर्छ ।

ञ) **समिति** भन्नाले सहकारी संस्थाको सञ्चालक समिति सम्झनु पर्छ ।

ट) **साधारण सभा** भन्नाले सहकारी संस्थाको साधारण सभा सम्झनु पर्छ ।

ठ) **सुपरिवेक्षण** भन्नाले सहकारी संघ संस्थाको सुपरिवेक्षणको कार्य सम्झनु पर्छ ।

ड) **संस्था** भन्नाले सहकारी संस्था सम्झनु पर्छ र सो शब्दले सहकारी संघलाई समेत जनाउँछ।

३. उद्देश्यः

फलेवास नगरपालिका र यस अन्तर्गतको सहकारी शाखाबाट सहकारी संघ, संस्थाहरुको नियमित निरीक्षण, सुपरिवेक्षण, अनुगमन, सघन अनुगमन, मूल्याङ्कन तथा नियमन सम्बन्धी कार्य गर्नुको प्रमुख उद्देश्य देहाय बमोजिम हुनेछन् ।

क) सहकारी संस्थाहरुको नियमित रुपमा निरीक्षण, सुपरिवेक्षण अनुगमन तथा सघन अनुगमन गरी आवश्यकता अनुसार सुधारका लागि सुझाव दिनु ।

ख) सहकारी संस्थाहरुलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गरी वित्तीय सुशासन कायम गर्नु ।

ग) सहकारी संस्थाहरुका सञ्चालक तथा कर्मचारीहरुमा सकरात्मक परिवर्तन ल्याइ सहकारीको संस्थागत क्षमता अभिवृद्धि, विकास र प्रवर्द्धन गर्नु ।

घ) बजेट तथा कार्यक्रमको अधिनमा रहि फलेवास नगरपालिका र सहकारी शाखाले नियमित निरीक्षण, सुपरिवेक्षण, अनुगमन, सघन अनुगमन, मूल्याङ्कन तथा नियमन कार्यहरु व्यवस्थित तथा प्रभावकारी रुपमा सञ्चालन तथा कार्यान्वयन गर्नु ।

## परिच्छेद-२

## निरीक्षण, सुपरिवेक्षण, अनुगमन, सघन अनुगमन तथा प्रतिवेदन

### ४. निरीक्षण, सुपरिवेक्षण, अनुगमन तथा सघन अनुगमन गरिनेः

क) फलेवास नगरपालिकाबाट सहकारी संस्थाहरुको नियमित रुपमा स्थलगत निरीक्षण सम्बन्धी कार्य सञ्चालन गर्न सकिनेछ ।

ख) सहकारी संस्थाहरुबाट प्राप्त प्रगति प्रतिवेदनका आधारमा रही सुपरिवेक्षण कार्य गरिनेछ ।

ग) निरीक्षण तथा सुपरिवेक्षणका आधारमा अनुगमन गर्नुपर्ने देखिएमा सहकारी संस्थाहरुको स्थलगत अनुगमन कार्य गरिनेछ ।

घ) सहकारी संस्थाहरुको निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन गर्दा सघन अनुगमन गर्नुपर्ने देखिएमा वा संस्थामा रकम अनियमितता भएको भनी दश प्रतिशत सदस्यले निवेदन गरेमा सघन अनुगमन गरिनेछ ।

ङ) संस्थाले पेश गरेको प्रतिवेदनका आधारमा फलेवास नगरपालिकाबाट सघन अनुगमन गर्नुपर्ने भन्ने लागेमा फलेवास नगरपालिका वा सहकारी शाखाले कम्तिमा तीन र बढीमा पाँच सदस्यीय टोली गठन गरी सघन अनुगमन, मूल्याङ्कन तथा नियमनको कार्यमा खटाउनु सकिनेछ ।

च) निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन अनुसूची-१ को ढाँचा बमोजिम र सघन अनुगमन मूल्याङ्कन तथा नियमन अनुसूची-१ र २ को ढाँचा बमोजिम गरिनेछ ।

छ) सहकारी संघ संस्थाहरुको निरीक्षण वा सुपरिवेक्षण वा अनुगमन प्रतिवेदनको आधार लिई मूल्याङ्कन तथा नियमनको कार्य गरिनेछ ।

ज) एक आर्थिक वर्षमा निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन र सघन अनुगमन, मूल्याङ्कन तथा नियमन कार्य गरिसकिएका सहकारी संघ संस्थाहरुमा पुनः उक्त कार्य गरिनेछैन । तर उजुरी परी वा संस्थामा विशेष परिस्थिति उत्पन्न भई निरीक्षण वा जाँचबुझ गर्नुपर्ने अवस्था आएमा पुनः निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन वा सघन अनुगमन, मूल्याङ्कन तथा नियमन गर्न बाधा पर्नेछैन् ।

झ) सघन अनुगमन, मूल्याङ्कन तथा नियमनको कार्यमा आवश्यक परेमा सम्बन्धित क्षेत्रका विषयविज्ञलाई समेत सहभागी गराउन सकिनेछ ।

## ५. सहकारी संघ संस्थालाई पत्र दिनुपर्नेः

क) सहकारी संघ संस्थामा निरीक्षण, अनुगमन, सघन अनुगमन, मूल्याङ्कन तथा नियमन कार्यमा खटिएका कर्मचारीहरुलाई कार्यालयले आधिकारीक पत्र दिइ जानकारी गराउनुपर्नेछ ।

ख) निरीक्षण, अनुगमन, सघन अनुगमन, मूल्याङ्कन तथा नियमन कार्यमा खटिएका कर्मचारीहरुलाई माग गरे बमोजिमका विवरण सम्बन्धित सहकारी संस्थाले उपलब्ध गराउनुपर्नेछ ।

## ६. आचारसंहिता पालना गर्नुपर्नेः

निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन, सघन अनुगमन, मूल्याङ्कन तथा नियमनको कार्यमा खटिएका कर्मचारीहरुले देहायबमोजिमका आचारसंहिता पालना गर्नुपर्नेछः

क) निरीक्षण, अनुगमन, सघन अनुगमन, मूल्याङ्कन तथा नियमन गर्नको लागि साथमा आवश्यक कागजात साथमा लिई जानुपर्नेछ ।

ख) सम्बन्धित सहकारी संस्थाका पदाधिकारीहरु र कर्मचारीहरु आफ्ना नातागोता पर्ने भएमा निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन र सघन अनुगमन, मूल्याङ्कन तथा नियमन कार्यमा खटिन पाइने छैन ।

ग) अनुगमन कार्यमा खटिने कर्मचारी सदस्य रहेको सहकारी संस्थामा उक्त कर्मचारी निरीक्षण, अनुगमन, सघन अनुगमन, मूल्याङ्कन तथा नियमन कार्यमा खटाइने छैन ।

घ) अनुगमनमा जाँदा कर्मचारीले आफ्नो परिचयपत्र सहित निरीक्षण, अनुगमन, सघन अनुगमन, मूल्याङ्कन तथा नियमन कार्यमा खटिनुपर्ने ।

ङ) संस्थाको गोप्य राख्नुपर्ने तथ्याङ्कहरु निरीक्षण, सुपरिवेक्षण, अनुगमन, सघन अनुगमन, मूल्याङ्कन तथा नियमन कार्यमा मात्र सिमित राख्नु पर्ने तथा प्रचलित कानून बमोजिम गोप्य रहने विषयको सार्वजनिक गर्न हुनेछैन ।

७. **<u>प्रतिवेदन पेश गर्नुपर्नेः</u>**

क) सघन अनुगमन, मूल्याङ्कन तथा नियमनको प्रतिवेदन पेश गर्नु पहिले संघ, संस्थाका सञ्चालक व्यवस्थापक सहितको संयुक्त बैठक राखि प्रतिवेदनमा देखिएका कैफियतहरु माथि छलफल गराई प्रतिवेदन पेश गर्नुपर्नेछ ।

ख) निरीक्षण, सुपरिवेक्षण, अनुगमन, सघन अनुगमन, मूल्याङ्कन तथा नियमन कार्यमा खटिएका कर्मचारीहरुले निरीक्षण, सुपरिवेक्षण तथा अनुगमनको प्रतिवेदन अनुसूची-१ को ढाँचामा र सघन अनुगमन, मूल्याङ्कन तथा नियमनको प्रतिवेदन अनुसूची-१ र २ को ढाँचामा पेश गर्नुपर्नेछ ।

ग) अनुगमन, सघन अनुगमन, मूल्याङ्कन तथा नियमन प्रतिवेदनमा देखिएका कैफियतहरु सुधार तथा व्यवस्थित गर्नका लागि सम्बन्धित संस्थालाई जानकारी एवं निर्देशन दिनुपर्नेछ । सम्बन्धित संस्थाले पनि निर्देशन कार्यान्वयन एवं पालना गरी संस्थालाई सुधार तथा व्यवस्थित गरी संस्थागत सुशासन तथा संस्थागत विकास गर्नेतर्फ अग्रसर हुनुपर्नेछ र सोको जानकारी मन्त्रालय वा अन्तर्गतको निकायलाई दिनुपर्नेछ ।

८. **<u>अनुगमनकर्ताको सेवा सुविधाः</u>**

निरीक्षण, सुपरिवेक्षण, अनुगमन, सघन अनुगमन, मूल्याङ्कन तथा नियमन कार्यमा खटिइ जाने कर्मचारी, विज्ञ टोली, वा मन्त्रालयले नियुक्त गरेका व्यक्तिहरुलाई देहाय बमोजिमको सेवा सुविधा उपलब्ध गराइनेछ ।

क) अनुगमन गर्ने कर्मचारीलाई दैनिक खाजा, खाना तथा यातायात खर्च वापत रु. १००० (अक्षरुपी एक हजार रुपैयाँ) उपलब्ध गराइनेछ ।

ख) स्थलगत/सघन अनुगमन गर्दा प्रतिवेदन पेश गरेपश्चात प्रतिवेदन वापत एकमुष्ट रु. एक हजार रकम उपलब्ध गराइनेछ ।

## परिच्छेद-३

## विविध

९. **कार्यविधि बमोजिम हुनेः**

यो कार्यविधिमा भएका निरीक्षण, सुपरिवेक्षण, अनुगमन, सघन अनुगमन, मूल्याङ्कन तथा नियमन व्यवस्थाहरु यसै कार्यविधि वमोजिम हुने र अन्य विषयहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१०. **बाधा अड्काउ फुकाउः**

यस कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन फलेवास नगरपालिकाबाट कार्यपालिकाको निर्णयले बाधा अड्काउ फुकाउ गर्न सक्नेछ ।

## अनुसूची-१

(दफा ४ को उपदफा (छ) र दफा ७ को उपदफा (ख) सँग सम्बन्धित)

**सहकारी संस्थाहरुको स्थलगत निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन**

**सहकारी शाखा**

**संस्था अनुगमन फारम**

**१) सहकारी संस्थाको नामः........................................................................**

२) **दर्ता नं.............** दर्ता मितिः................. दर्ता कार्यालयः...........................

संस्थाको प्रकृतिः..................................

मूख्य कारोबारः ........................... अन्य कारोबारः.............................

१,............................................ २,..............................................

नगरपालिकामा सूचिकृत भए/नभएकोः........... भएमा सूचिकृत मितिः...............

**३) संस्थाको मूख्य कार्यालयको ठेगानाः........................................................**

शाखा कार्यालय/सेवा केन्द्र/सम्पर्क कार्यालय/बिक्रि केन्द्र/फिल्ड कार्यालय..........................................................................................

संस्थाको कार्यक्षेत्रः....................... कार्यक्षेत्र स्वीकृत मितिः........................

इमेलः............................... वेभसाइटः.............................फोन नं.........

अध्यक्षको नामः.............................. सम्पर्क न..........................

व्यवस्थापक/कार्यालय प्रमुखको नामः.................... सम्पर्क नं.....................

४) **सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको नामः निर्वाचन भएको मिति** ............................... अवधि............वर्ष

| **क्र.सं.** | **पद** | **नाम थर** | **स्थायी ठेगाना** | **मोवाइल नं.** |
|---|---|---|---|---|
| **सञ्चालक समितिको नामावली** | | | | |
| १. | अध्यक्ष | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |
| ६. | | | | |
| ७. | | | | |
| ८. | | | | |

| | | | | |
|---|---|---|---|---|
| ९. | | | | |
| १०. | | | | |
| ११. | | | | |
| **लेखा सुपरिवेक्षण समितिको नामावली** | | | | |
| १. | संयोजक | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |

सञ्चालक समिति/लेखा समितिको बैठक भत्ता रु............... अन्य सुविधाः..........................................................................................

उपसमितिको बैठक भत्ता रु.................................. अन्य सुविधाः..........................................................................................

सञ्चालक समितिको बैठक विवरणः मासिक/त्रैमासिक संङ्ख्याः.......................

लेखा सुपरिवेक्षण समितिको बैठक विवरणः सङ्ख्याः...................................

५) **चुक्ता शेयर पूँजीः.................................(प्रति शेयर रु...........................)**

सदस्यको न्युनतम शेयर रकमः.............................................................

अधिकतम शेयर रकमः.....................................................................

६) **सञ्चालक समिति/लेखा समिति/उपसमिति र कर्मचारीले लिएको कर्जा विवरणः**

| क्र.स | नाम थर | कर्जा रकम | अवधि | ब्याजदर | धितोको विवरण | किस्ता/ब्याज मात्र |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |

७) **जम्मा कर्मचारी संङ्ख्याः........................ (बजार प्रतिनिधिः.........जना)** नियुक्ति पत्र दिए/नदिएकोः.......................

सबैभन्दा बढी तलब लिने कर्मचारीको तलब रु...................... सबैभन्दा कम तलब लिनेको तलब रु..................................

सञ्चयकोषको सुविधाः छ/छैन ग्रेडको सुविधाः छ/छैन

स्थायी/अस्थायी/करारः...................

८) **सफ्टवेयरको नामः.................................... सम्झौता** भए/नभएको................भएमा मितिः............................................

९) **शेयर सदस्य संख्याः**

| जम्माः- | पुरुषः- | महिलाः- | संस्थागतः- | बाल बचत कर्ता |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**अधिकतम शेयर खरिद गर्ने ३ जना शेयर सदस्यहरुको विवरणः**

| क्र.स | नामथर | शेयर रकम | कुल शेयरमा भार प्रतिशत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |

१०) **निक्षेप कर्ताहरुको संख्याः**

| जम्माः- | पुरुषः- | महिलाः- | संस्थागतः- |
|---|---|---|---|
| | | | |

**सबैभन्दा बढी निक्षेप जम्मा गर्ने ३ जना सदस्यहरुको नामावलीः**

| क्र.स | नामथर | निक्षेप रकम | बचतको शिर्षक | ब्याज दर | कुल निक्षेपमा भार प्रतिशत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |

११) **ऋणी सदस्यहरुको संख्याः**

| जम्माः- | पुरुषः- | महिलाः- | संस्थागतः- |
|---|---|---|---|
| | | | |

**सबैभन्दा बढी कर्जा उपभोग गर्ने ३ जना ऋणी सदस्यको विवरणः**

| क्र.स | नामथर | ऋण रकम | ऋण शिर्षक | ब्याजदर | कुल ऋणमा भार प्रतिशत | धितोको विवरण |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |

जम्मा भाखा नाघेको ऋण रकमः...................प्रतिशत.............. भाखा नाघेको ऋण संख्याः..........

भाखा नाघेको ऋणको लागि व्यवस्था गरेको कोष रकमः-............................

**१२) वार्षिक साधारण सभा सम्बन्धि विवरणः-(पछिल्लो साधारण सभाको विवरण)**

कुल सदस्य संख्याः..................उपस्थित सदस्य संख्याः............प्रतिशतः......

सदस्यहरुलाई सभाको सूचना दिने माध्यम र प्रकृयाः...................................

साधारण सभामा उपस्थित सदस्यहरुलाई भत्ता दिने गरेको/नगरेको, दिएको भए कति ?..............................................................................

**१३) संस्थाले तयार पारेको नीतिहरु, कार्यविधिहरुको विवरणः-**

| क्र.स | नीतिको नाम | स्वीकृत मिति | स्वीकृत गर्ने निकाय |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |

**१४) पछिल्लो साधारण सभाबाट पारित भएका मूख्य विषयहरुः**

| क्र.स | मूख्य विषयहरु |
|---|---|
| १. | |
| २. | |
| ३. | |
| ४. | |
| ५. | |

**१५) सहकारी ऐन तथा नियमावली पालना सम्बन्धी विवरणहरुः**

| क्र.स | विषय | छ | छैन |
|---|---|---|---|
| १. | कार्यक्षेत्र भन्दा बाहिरका व्यक्तिको बचत लिएको वा कर्जा दिएको छ/छैन ? | | |
| २. | सदस्य बनेको ३ महिना नपुग्दै ऋण लगानी गरेको छ/छैन ? | | |
| ३. | खुद बचतको २५ प्रतिशत जगेडा कोषमा जम्मा गरेको छ/छैन ? | | |
| ४. | शेयर पुँजीको १८ प्रतिशत भन्दा बढी लाभांश बाँडेको छ/छैन ? | | |
| ५. | सुनचाँदी धितो तथा शेयर धितोमा कर्जा लगानी गरेको छ/छैन ? | | |
| ६. | संरक्षित पुँजी फिर्ताकोषको रकम बाँडफाँड गरेको छ/छैन ? | | |
| ७. | ऋण लगानी गर्दा सेवाशुल्क लिने गरेको छ/छैन ? | | |
| ८. | शेयर खरिदमा प्रिमियम शुल्क लिने गरेको छ/छैन ? | | |
| ९. | बचत र ऋणको ब्याजदर अन्तर ६ प्रतिशत भन्दा बढी गरेको छ/छैन ? | | |
| १०. | प्राथमिक पुँजीकोषको १०% भन्दा बढी एकै व्यक्तिलाई लगानी गरेको छ/छैन ? | | |
| ११. | सदस्यहरुलाई कारोबारी, साधारण र संस्थापक भनी विभेद गरेको छ/छैन ? | | |
| १२. | संस्थागत अनुदान वा जगेडा कोषको रकम हिनामिना वा मासेको छ/छैन ? | | |
| १३. | सञ्चालक वा लेखा समिति कर्मचारीको रुपमा कार्य गरेको छ/छैन ? | | |
| १४. | सदस्य पहिचान फारम KYM र COPOMIS अद्यावधिक गरेको छ/छैन ? | | |
| १५. | सम्पत्ति शुद्धिकरण निवारण निर्देशिका निर्माण गरी लागू गरेको छ/छैन ? | | |
| १६. | कार्यान्वयन अधिकारी र सूचना अधिकारी तोकेको छ/छैन ? | | |
| १७. | ऋणमा हर्जना र बचत ढिलोमा हर्जना लिने गरेको छ/छैन ? भए प्रतिशत खुलाउने | | |

| | | | |
|---|---|---|---|
| १८. | सदस्य वडापत्र बनाइ टाँस गरेको छ/छैन ? | | |
| १९. | दोहोरो सदस्यता व्यवस्थापन गर्ने नीति बनाएको छ/छैन ? | | |
| २०. | सरकारी कर्मचारी, बैंक तथा वित्तिय संस्थाको कर्मचारी र सञ्चालक, जनप्रतिनिधिहरु संस्थाको सञ्चालक र लेखा समितिमा छ/छैन ? | | |
| २१. | सञ्चालक र लेखा समितिमा ३३% महिला सहभागिता गराउने व्यवस्था छ/छैन ? | | |
| २२. | एउटै परिवारको एक भन्दा बढी व्यक्ति सञ्चालक वा लेखा समितिमा छ/छैन ? | | |
| २३. | संस्थाका सञ्चालक वा कर्मचारी सोहि वा अर्को संस्थाको कर्मचारी वा सञ्चालक छ/छैन ? | | |
| २४. | एउटै लेखापरिक्षकलाई लगातार ३ वर्ष भन्दा बढी परिक्षण अनुमति दिएको छ/छैन ? | | |
| २५. | बिनाधितो बिनायोजना लगानी गरेको छ/छैन ? | | |
| २६. | प्राथमिक पुँजीकोषको १५ गुणाभन्दा बढी बचत लिएको छ/छैन ? | | |
| २७. | सञ्चालक समितिको २ वटा बैठकको बीचको अवधि ४५ दिन भन्दा बढी छ/छैन ? | | |
| २८. | बचत तथा ऋण र व्यवसायको सुरक्षणको लागि आवश्यक सुरक्षा प्रणाली वीमा, ऋण सुरक्षण कोष, घाटा पूर्ति कोषको व्यवस्था गरेको छ/छैन ? | | |
| २९. | सहकारी संघ/सहकारी बैंक/स्थानीय/प्रदेश तथा संघीय सरकारबाट सम्मान पुरस्कार पाएको छ/छैन ? | | |
| ३०. | बचत ऋणको कारोबार गर्ने सहकारीले पर्ल्स अनुगमनको अनिवार्य विश्लेषण र प्रतिवेदन पेश गर्ने गरेको छ/छैन ? | | |
| ३१. | समिति/उपसमितिका सदस्यले सहकारी व्यवस्थापन सम्बन्धी तालिम लिएको छ/छैन ? | | |

उल्लेखित विषयहरु तथा जानकारी यस संस्थाको आधिकारीक व्यक्ति/व्यक्तिहरुसँग संकलन भएको हो भनि सहि गर्ने

संस्थाको आधिकारीक व्यक्तिको नामः.......................................................

पदः.......................................................................................

हस्ताक्षरः-

संस्थाको छापः

**निरीक्षणकर्ताबाट दिइएका सुझावहरुः**

| क्र.स | मूख्य सुझावहरु |
|---|---|
| १. | |
| २. | |
| ३. | |
| ४. | |
| ५. | |

**निरीक्षण गर्नेः**

| **क्र.स** | **निरीक्षण गर्ने पदाधिकारीको नाम** | **पद** | **हस्ताक्षर** |
|---|---|---|---|
| **१.** | | | |
| **२.** | | | |
| **३.** | | | |
| **४.** | | | |

**निरीक्षण मितिः..................**

## अनुसूची-२

(दफा ४ को उपदफा (छ) र दफा ७ को उपदफा (ख) सँग सम्बन्धित)

**वित्तिय कारोबार गर्ने सहकारी संस्थाहरुको स्थलगत सघन अनुगमन, मूल्याङ्कन तथा नियमनका लागि संलग्न विवरण तथा कागजातहरु**

१. पछिल्लो मितिको सन्तुलन परीक्षण, नाफा/नोक्सान हिसाब, वसालत र बैक स्टेटमेन्ट (बैंकको नाम, खाताको किसिम, खाता नं. र रकम समेत)

**२. रकमका आधारमा ३० ठूला शेयर सदस्यहरुको विवरणः**

| क.स | शेयर सदस्यहरुको नाम | शेयर रकम | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

**३. रकमका आधारमा ३० ठूला वचतकर्ता सदस्यहरुको विवरणः**

| क.स | बचतकर्ता सदस्यहरुको नाम | बचत रकम | शेयर रकम |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

**४. रकमका आधारमा ३० ठूला ऋण सदस्यहरुको विवरण (कुल ऋणीको ऋण साराशं विवरण)**

| क.स | ऋणीको नाम | ऋणको शिर्षक | ऋणको रकम | ऋण लगेको मिति | ऋणको शेयर रकम |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |

**५. संस्थाको मौजुदा सञ्चालक र लेखा सुपरिवेक्षण समितिको विवरणः**

| क.स | नामथर | पद | शैक्षिक योग्यता | ठेगाना | पति/पिता | बचत रकम | शेयर संख्या | ऋण रकम | पेश्की | मूल व्यवसाय |
|---|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**६.भाखाका आधारमा ऋणको वर्गिकरणः**

| क.सं. | ऋणको शिर्षक | कुल ऋण | असुल ऋण | १ वर्ष भन्दा कम भाखा नाघेको ऋण | १ वर्ष भन्दा बढी भाखा नाघेको ऋण |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

७. स्थिर सम्पतिको विवरण गाडी संख्या, घरजग्गा-क्षेत्रफल, मेसिनरी औजार समेत बाँकी किताबी मूल्य, ह्रासकट्टी प्रणालीः

८. कर्मचारीहरुको विवरणः

| क.सं. | नाम | पद | तलब/भत्ता | ऋण | पेश्की | बचत | शेयर |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

९. संस्थागत कारोबारको विवरण (शेयर, बचत तथा ऋण कारोबार) रकमः

१०. गैर बैंकिङ सम्पत्तिको विवरणः

११. पेश्की तथा बेरुजु नाम सहितको विवरणः

**<u>माग गर्ने कागजातहरुः</u>**

१. शेयर सदस्यता, ऋण माग, जमानी बस्नेको मञ्जुरीनामा, तमसुक र बचत खाता खोल्ने फारम (खाली नमूनाहरु)

२. संस्थाको विनियम (संशोधनका प्रतिहरु समेत),नियमावली बचत तथा ऋण नीति, कार्यविधिहरुको प्रतिलिपी

३. संस्थाको पर्चा तथा प्रकाशनहरु

४. पछिल्लो चौमासिक प्रतिवेदन र वार्षिक लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपी

५. संस्था दर्ता प्रमाणपत्र र स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपी
६. लेखापरीक्षकलाई संस्थाले दिएको नियुक्ति पत्रको प्रतिलिपी
७. संस्थाले संगठित संस्थाको शेयरमा लगानी गरेको भए रकम सहितको प्रतिलिपी
८. सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, ऋण उपसमिति र अन्य उपसमितिहरु साधारण सभाका पछिल्ला निर्णयहरुको प्रतिलिपी
९. सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन सम्बन्धी कागजातहरु
१०. निरीक्षण प्रतिवेदन, त्यसउपर समितिको निर्णय र गरेका पहलहरु
११. कर्मचारी नियुक्ति पत्रको प्रतिलिपी
१२. शेयर दर्ता किताव बमोजिमका सदस्यहरुको नामावली
१३. नगद, ढुकुटी, काउन्टर र मार्गस्थ बीमा सम्बन्धी कागजातको प्रतिलिपी
१४. बचत तथा ऋणको पछिल्लो ब्याजदर निर्धारण प्रकृया
१५. सञ्चालकहरुको व्यक्तिगत तथा व्यवसायिक विवरण
१६. संस्थाका सञ्चालक, व्यवस्थापक सहित सघन अनुगमन, मूल्याङ्कन तथा नियमन विषयमा संयुक्त बैठक छलफल र निर्णय
१७. अन्य आवश्यक देखिएका कागजातहरु

उल्लेखित विषयहरु तथा जानकारी यस संस्थाका सञ्चालक/व्यवस्थापकसँग संकलन भएको हो भनी सही गर्नेः

आधिकारीक पदाधिकारी/कर्मचारीको नामः
पदः
हस्ताक्षरः
मितिः
संस्थाको छापः
अनुगमन, मूल्याङ्कन तथा नियमन कार्यमा खटिने कर्मचारीहरुको

| | | |
|---|---|---|
| १. नामः | पदः | दस्तखतः |
| २. नामः | पदः | दस्तखतः |
| ३. नामः | पदः | दस्तखतः |
| ४. नामः | पदः | दस्तखतः |
| ५. नामः | पदः | दस्तखतः |

मितिः२०८३ असार ०८ गते सोमबार रोज् २ शुभम्

आज्ञाले,

भोलाप्रसाद चापागाईं

प्रमुख प्रशासकीय अधिकृत